gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

/bikalpanews /NawabikalpaWeek




खेलकुदमा म्याग्दीको शान

- अन्तिम पृष्ठमा


वर्ष ८ | अङ्क २१ | पूर्णाङ्क ३५९ | आइतवार, फागुन २, २०७२ | Feb. 14, 2016, Sunday | पृष्ठसङ्ख्या ६ | मूल्य रु. १०/-


# ओझेलमा पशुपालन व्यवसाय

■ सन्तोष गौतम नवविकल्प



बेनी नगरपालिका-१० तोरीपानीस्थित धौलागिरि बाख्रा पालन फर्म । तस्वीर : सन्तोष गौतम/म्याग्दी

पुँजी लगानी र जनसहभागीताको हिसावले अगाडी भएपनि म्याग्दीमा पशुपालन ब्यवसाय ओझेलमा परेको छ । म्याग्दीमा उद्योग ब्यवसायको तुलनामा पशुपालनमा पुँजीको लगानी र श्रमको सहभागीता धेरै गुणा बढी छ । यद्यपी यो क्षेत्र ब्यवस्थित र ब्यवसायीक बन्न नसक्दा ओझेलमा परेको हो ।

म्याग्दीका कृषकहरूले ब्यवसायीक पशुपालनका लागि रू. साढे तिन अर्ब भन्दा बढी लगानी गरेका छन् । कृषकहरूले ब्यवसायीक रूपमा गाईभैंसी र भेडाबाख्रा पालन गर्न रू. तिन अर्ब ६८ करोड ४१ लाख ६६ हजार लगानी गरेको जिल्ला पशु सेवा कार्यालयले जनाएको छ । कार्यालयले हालै सार्वजनीक गरेको तथ्याङ्कमा जिल्लाभर ८२ वटा गाईभैंसी र २८७ वटा भेडाबाख्रा फार्म सञ्चालनमा रहेको उल्लेख छ ।

कार्यालय र सेवा केन्द्रका प्राबिधिकहरूले स्थलगत रूपमा संकलन गरेको विवरण अनुसार पशुधन र पुर्वाधार तर्फ उक्त लगानी भएको पाइएको पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीले जानकारी दिए । रू. तिन अर्ब ४४ करोड ८६ लाख ६६ हजार रूपैयाँ पशुधन रहेका ब्यवसायीक फार्म सञ्चालनका लागि पुर्वाधार तयार गर्न न्युनतम २३ करोड ५५ लाख रूपैयाँ लगानी भएको छ । 'ब्यवसायीक र ब्यवस्थित बन्दै गएको म्याग्दीको पशुपालन क्षेत्रमा उद्योग, ब्यवसायको तुलनामा धेरै पुजी लगानी भएको छ' रेग्मीले भने 'दूग्ध र मासु उत्पादनका लागि ब्यवसायीक पशुपालनको म्याग्दीमा राम्रो सम्भावना भएको यस तथ्याङ्कले पुष्टि गरेको छ ।'

ब्यवसायीक पशुपालनको माध्यमबाट एक हजार पाँच सय जनाले रोजगारी पाएको देखिएको छ । म्याग्दीमा दूध उत्पादनका लागि २९६ भैंसी, ५७२ गाई तथा आठ हजार ४८६ बाख्रा र १२ हजार ४८० भेडा मासु उत्पादनका लागि ब्यवसायीक रूपमा पालीएका छन् । जिल्लाभर ब्यवसायीक बाख्रा फार्मको संख्या १५८ छ भने भेडाको ५८ वटा छन् । ६० वटा भेडाबाख्राको संयुक्त फार्म रहेको म्याग्दीमा दुई सय भन्दा बढी भेडाबाख्रा रहेका फार्मको संख्या १८ वटा छ । ४३ वटा फार्ममा ५० देखि दुई सय वटा, १२७ वटामा २० देखि ५० बटा भेडाबाख्रा छन भने ३३ वटा फार्ममा ५० भन्दा बढी बाख्रा छन् । दूध उत्पादनका लागि स्थानीय लिमे, पारकोट, उन्नत मुर्रा तथा बर्णशंकर जातका भैंसी पालन भएको छ ।

कृषकहरूले स्थानीय, जर्सी र होलस्ट्यान जातका गाई पालन गरेका छन् । यसैगरी खरी, जमुनापारी, बोयर, बारबरी, सिनाल लगायतका बाख्रा र भ्याङ्लुङ तथा बरूवाल जातका भेडा मासु उत्पादनका लागि पालीएको छ । सदरमुकाम आसपासका क्षेत्रमा


बाँकी पृष्ठ ५ मा


# गल्ती ढाकछोप गर्दै प्लान नेपाल

■ नवविकल्प



- जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाहरु चुपचाप
- दाताले बजेट नदिएपछि गाविसको सहयोग रकम समेत फ्रिज
- महिलाहरुले दश/विस गरी जम्मा गरेको रकम डुब्ने खतरा
- मिडियामा समाचार नदिन प्लानको दवाव

## फलोअप समाचार

महिला सहकारीको भवन बनाउनका लागि आशा देखाएर अन्तिममा बजेट नदिएको प्लान नेपालले यति खेर आफ्नो गल्तीलाई ढाकछोप गर्न खोजेको छ । भूकम्पको वहाना बनाएर बाँचा गरेको रकम दिन अझै आनाकाना गरेको महिलाहरूले बताएका छन् । समाचार प्रकाशित भएपछि गल्तीलाई ढाकछोप गर्न प्लानका कर्मचारीहरू यतिखेर महिलाहरूलाई फकाइरहेका छन् ।

नवविकल्प साप्ताहिकमा प्लान नेपालको कर्तुत सार्वजनीक भएपछि सम्बन्धित सहकारीका सञ्चालकलाई फकाएर पानीमाथीको ओभानो बन्ने प्रयास गरेको छ । समाचार सार्वजनिक भएपछि प्लान नेपालका कर्मचारीले फोन गरेर प्रतिवद्धता गरेको सहयोग दिने भनेर फकाईरहेका सहकारीका सञ्चालक तथा कर्मचारीहरूले बताएका छन् ।

'सरहरूले फोन गरेर मिडियामा समाचार नदिन भन्नुभएको छ । फेरी सहयोग गर्छौ भनेका छन्' गत बिहीबार बाबियाचौर नवविकल्पका पत्रकारसंग स्थानीय जनआदर्श महिला विकास सहकारीका कर्मचारीहरूले भने 'समाचार आएपछि सहयोग नगर्ने हुनकी भन्ने चिन्ता छ ।' दातृ संस्थाका कर्मचारीहरूले अहिले भवन बनाउन सहयोग गर्न नसकेपनि अर्को चरणको परियोजना मार्फत ति महिला सहकारीहरूलाई सहयोग गर्ने आशा देखाएर झुटको खेती गर्न छाडेका छैनन् ।

अन्तराष्ट्रिय दातृ संस्था प्लान ईन्टरनेशनलले प्रतिवद्धता जनाएको


बाँकी पृष्ठ ५ मा





प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)

९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

BABIN TAILORING

Shirting & Suiting

बबिन टेलरिङ नै किन ?



- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो बाबाले सधैँ बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....

बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग

हुलाकचोक, बेनी फोन: ०६९-५२०७६० | न्यूरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०

Reid & Taylor | DIGJAM | Ashima | OCM | Bentley | Raymond

प्रो. नारायणप्रसाद सेन्चुरी | मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।



STUDY IN JAPAN

Special Offers

FREE LANGUAGE
FREE VISA PROCESSING
FREE JOB PLACEMENT
NO VISA NO PAY

Japanese Language Courses
NAT/JLPT/J-TEST Preparation
Documentation
VISA Processing

SETO ACADEMY

BEC BENI EDUCATION CONSULTANCY

Hulak Chowk, Beni, Myagdi +977-69-520678

www.beniedu.com.np info@beniedu.com.np

5f6s/L

## बेनीमा पुस्तक दिवस मनाए

■ **नवविकल्प**

नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायी महासंघ जिल्ला शाखा म्याग्दीले शनिबार राष्ट्रिय पुस्तक दिवस मनाएको छ ।

दिवसको अवसरमा म्याग्दी उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा महासंघका केन्द्रिय सदस्य लिलाराम गौतमले नेपालमा पुस्तक नीती आवश्यक रहेको बताए । उनले पुस्तक लेखक, मुद्रक, प्रकाशक र वितरकको हितका लागि सरकारले पुस्तक नीती बनाउनुपर्ने बताए । संघका अध्यक्ष ठाकुरप्रसाद शर्माको अध्यक्षता र सचिव नवराज पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा सहभागिहरूले फागुन १ गतेलाई पुस्तक दिवस घोषणा गर्नुपर्ने माग गरेका थिए ।

## अम्दानी खर्च विवरण सार्वजनिक

■ **नवविकल्प**

नेकपा एमाले जिल्ला कमिटी म्याग्दीले आम्दानी खर्च विवरण सार्वजनिक गरेको छ । सो पार्टीले आर्थिक वर्ष २०७०/७१ र ०७१/७२ मा भएको आम्दानी तथा खर्चको विवरण सार्वजनिक गरिएको हो ।

सार्वजनिक गरेको विवरण अनुसार आर्थिक वर्ष ०७०/७१ मा कुल आम्दानी आठलाख ८१ हजार ८७६ रूपियाँ गरेको छ भने भने खर्च आठलाख ७५ हजार ६७३ रूपैयाँ भएको जनाएको छ ।

यसैगरी गत आर्थिक वर्ष २०७१/७२ मा कुल आम्दानी तीनलाख ८८ हजार ८३ रूपैयाँ, खर्च तीनलाख ५५ हजार ८०० रूपैयाँ र बचत ३२ हजार २८२ रूपैयाँ रहेको नेकपा एमाले म्याग्दीका सचिव बालकृष्ण सुवेदीले जानकारी दिए । हालैमात्र पार्टीको केन्द्रीय लेखा परीक्षण आयोगका अध्यक्ष डा. पुष्प कँडेल, सदस्य विद्या ढकाल र ढाकाराम अर्यालले जिल्ला कमिटीको अन्तिम लेखापरीक्षण गरेको सचिव सुवेदीले बताए ।

## पर्यटकीय स्थलमा पूर्वाधार निर्माण

■ **नवविकल्प**

मराङ गाविस ३ कल्लेनीका बासिन्दाहरू पर्यटकीय स्थलमा पुर्वाधार निर्माणमा जुटेका छन् । गाउँमा भित्र्ने पर्यटकको सुबिधा तथा पर्यटन विकासका लागि कल्लेनीका बासिन्दाहरूले आवास स्थल, पदमार्ग निर्माण, पर्यटकीय स्थलको संरक्षण र प्रचारप्रसारमा जुटेका हुन् । त्यहाँका बासिन्दाहरूले पछिल्लो समय श्रमदान गरेर पर्यटक क्याम्पीङ साईट (आवास क्षेत्र)को निर्माण गरेका छन् । २७ घरधुरीको बसोबास रहेको कल्लेनीका बासिन्दाहरूले करिब दुई लाख रूपैया बराबरको श्रमदान गरेर खिरोबोट भन्ने ठाउँमा क्याम्पीङ साईट निर्माण गरिएको स्थानीय अगुवा युवा खगिन पुनले जानकारी दिए । धौलागिरी चक्रीय पदमार्गको भ्रमणमा जाने र त्यहाबाट फर्कने पर्यटकहरूको सुरक्षित र ब्यवस्थित बसाईका लागि क्याम्पीङ साईट बनाएको उहाले बताए ।

भिरालो पाखोमा सम्माएर खेलमैदान जस्तै बनाइएको क्याम्पमा खानेपानी र शौचालयको समेत ब्यवस्थ ागर्न लागिएको छ । यसअघि कल्लेनीका बासिन्दाले पर्यटकीय हिसावले सम्भावनायुक्त क्यामध्याम गुफा सम्म जाने पदमार्ग बनाइसकेका छन् । उनिहरूले गुफाको संरक्षण र प्रचारप्रसारका लागि विभिन्न गतिबिधि गर्दै आएका छन् । मगर समुदायको बसोबास रहेको कल्लेनी गाउ धौलागिरी चक्रीय पदमार्ग अन्तरगत पर्छ । कल्लेनीमा रहेको क्यामध्याम गुफाका साथै छहरी खोलाको झरना पनि पर्यटकीय हिसावले सम्भावनायुक्त मानिन्छ ।

## माईक्रोबस दुर्घटना

■ **नवविकल्प**

म्याग्दीको बेनी बजारको मंगलाघाट नजिकै शनिबार बिहान माईक्रोबस दुर्घटना भएको छ । बेनीदेखि सिंगा जादै गरेको ध १ प ३९५ नम्बरको माईक्रोबस मंगलाघाट स्थित कर्मचारी आवास क्षेत्रको सडकदेखि म्याग्दी नदी किनारमा खसेको हो । दुर्घटनामा परि चालक सहित बेनपा ६ का १८ वर्षिय पविन छन्त्याल र बेनपा १३ का २० वर्षिय सुदिप खत्री सामान्य घाईते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाईतेको जिल्ला अस्पताल बेनीमा प्राथमिक उपचार पछि घर फर्कीएका छन् । दुर्घटनामा परेको माईक्रोबस शनिबारदेखि बेनीमा हुन लागेको अखिल क्रान्तिकारीको जिल्ला सम्मेलनमा सहभागि ल्याउन सिंगा जान लागेको थियो ।

## म्याग्दीकालीको दोस्रो साधारण सभा

■ **नवविकल्प**

बेनीमा सञ्चालित म्याग्दीकाली ब्यवसायि यातायातको बेनीमा दोस्रो साधारण सभा सम्पन्न भएको छ । म्याग्दीकाली यातयात ब्यवसायी समितिका अध्यक्ष बिनोद केसीको अध्यक्षतामा भएको साधारण सभामा बोल्दै प्रमुख अतिथि नेपाल यातायात ब्यवसायीका केन्द्रिय सदस्य राजकुमार श्रेष्ठले नागरिकहरूलाई भरपर्दो यातायात सेवा दिनुपर्नेमा जोड दिएका थिए ।

उपाध्यक्ष देव पुनको स्वागत सचिव देबेन्द्र पौडेलको सञ्चालनमा भएको कार्यक्रमा कोषाध्यक्ष सुमन श्रेष्ठले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए ।

## क्याम्पसमा अभिभावक संघ गठन

■ **नवविकल्प**

म्याग्दी बहुमुखी क्याम्पस बेनीमा रामप्रसाद सुबेदीको अध्यक्षतामा १२ सदस्य अभिभावक संघ गठन गरिएको छ ।

संघको सदस्यमा घनश्याम खड्का, चन्द्रमान छन्त्याल,ठाकुर प्रसाद शर्मा, भिम बहादुर क्षेत्री, खेमराज पौडेल,बालकृष्ण सुबेदी ,दलिदाल शाही,गोपाल केसी,चेतकुमारी खड्का,भबिकला भापा, देबी परियार ,रेमकुमारी पुन कार्य समितिमा रहेका छन । म्याग्दी बहुमुखी क्याम्पस ब्यवस्थापन समितिका अध्यक्ष हरिकुमार श्रेष्ठको अध्यक्षतामा भएको गठन कार्यक्रममा क्याम्पस प्रमुख टिकाराम सापकोटाले कार्यक्रमको बिषयबस्तु माथि प्रष्ट पारेका थिए भने संस्थापक गोपालनारायण भटचन,सदस्य माधवप्रसाद रेग्मी पब्लिक क्याम्पस संघका केन्द्रिय सदस्य तथा भुपु क्याम्पस प्रमुख रामजी प्रसाद सुबेदी,निर्बतमान क्याम्पस प्रमुख कृष्णा थापा प्राध्यापक संघका प्रतिनिधी भोलानाथ घिमिरे,अभिभावक घनश्याम खड्का, गणेशकुमारी सुनार, नेबिसंघ ईकाई सभापति निर्मल खत्री लगायतले मन्तब्य राखेको कार्यक्रममा, उपाध्यक्ष बालकृष्णा सुबेदीको स्वागत सहायक क्याम्पस प्रमुख रेखाकौशल रेग्मीको संञ्चालन कार्यक्रम सम्पन्न भएको थियो ।

# सताका तस्वीरहरू






**पर्यटकको सेल्फी**ः विश्व प्रसिद्ध अन्नपूर्ण चक्रिय पदमार्ग अन्तरगत म्याग्दीको पुनहिलमा सेल्फी तस्वीर खिचेर रमाउदै दक्षिण कोरियाका पर्यटकहरु । केही दिनयता यस क्षेत्रका पर्यटकीय स्थलमा चीन र दक्षिण कोरियाका पर्यटकको चहलपहल बढेको छ । *तस्विरः सन्तोष गौतम*



**मन्दिर निर्माण**ः बेनी नगरपालिका-९ स्थित गलेश्वरधाममा करिब ६० लाखको लगानीमा पुनर्निर्माण गरिएको राधाकृष्णमन्दिर । *तस्विरः प्रताप बानियाँ*

# योरूनाको आत्मासँग माफी माग्ने कि, राज्यसँग जवाफ ?

**... कहिलेकाँही 'धर्म'दाइले पनि धर्म छाडिदिन्छन् भनेर कस-कसलाई याद दिलाउनु पर्ला ? संसाँझै सहरका सार्वजनिक यातायात नथन्किउन् । अलि रातिसम्म र कुनाकाप्चासम्म पनि गुडुन भनेर बिन्ती गर्दै राज्यका कुन निकाय घेर्ने ? यी सबै कुरा सम्बन्धित निकायहरु नघेरिकन व्यवस्था भएको देख्न पाइएला कि नपाइएला ? गाउँ सहर र सडकहरुमा यो निस्पट्ट अन्धकार कहिलेसम्म ?**



**सावित्री गौतम**

'दिदी छोरीलाई यस्ता खुलाखुला लुगा नलगाइदिनुस्, ठूली भई । यसकै 'सेफ्टी'का लागि पनि यो जरूरी छ ।' अधिकारको बारेमा राम्रै चेतना राख्ने एक साथीले पोहोरसाल बाहुला नभएको छोटो फ्रक लगाएर वरिपरि फुरफुर गरिरहेकी मेरी छोरीतिर हेर्दै भनिन् ।



सातवर्ष मात्रै पुगेकी छोरीको बारेमा यो सुन्दा मैले 'तिमीजस्तो मान्छेले पनि यो के भनेको ?' भनेर भन्न सकिन । हामी दुवैलाई महिला वा बालिकाका भेसभुषा उनीहरूमाथि हुने हिंसाका लागि जिम्मेवार हुँदैनन् भन्ने थाहा छ । यही बहानामा उनीहरूमाथि भएको हिंसालाई ढाकछोप गरिनु घोर अन्याय हो भन्ने पनि थाहा छ । तर हामी दुवैलाई यो पनि थाहा छ कि हाम्रो समाजमा बस्ने हामी सबैको नियति यही हो ।

छोरीचेलीलाई सकेसम्म बढी ढाकछोप गर्नु, हुर्किन्जेल ढाकिएको, छोपिएको रहनलाई नै बानी पार्नु र उनीहरू सुरक्षित छन् भन्ने भ्रममा बाँच्नु । 'महिला अधिकारकर्मी भनाउँदाहरू के हेरेर बसेका छन् ? कुनै दिन 'अकुपाइ बालुवाटार' भनेर घेर्न हिंड्नेहरू आज कहाँ छन् ?' जब कुनै पनि महिला, बालिका वा किशोरीमाथी जघन्य हिंसा हुन्छ । हिजोआज सबैभन्दा बढी सुनिने दुइ प्रश्न यिनै हुन् । घरबाहिर निस्कँदा कतिपयले प्रत्यक्ष अनुहारमै हेरेर पनि सोधेका छन् यही प्रश्न । अधिकारकै नाममा स्थापना भएका संघसंस्थाको कारिन्दा नभए पनि, सडकमा नारा लगाएर नहिँडेपनि अधिकारको बारेमा बोल्छु, लेख्छु, त्यसैले सुनाउँदा हुन् । 'तिमी अझै एकदुई वर्ष यसरी नै बोल्नेछौ, त्यसपछि थाक्नेछौ । कुनै दिन म पनि तिमीजस्तै थिएँ । मौका मिल्यो कि अधिकार र विभेदका बारे चर्को स्वरमा मकै भुटे झैं गरी पड्किन सुरु गरिहाल्ने,' मलाई एकपटक एकजना महिला अधिकारकर्मी दिदीले भनिन् ।

अहिले लाग्छ एकदुई वर्ष कुनै नपर्ने भो । थाकिसकियो । अझै कतिवटा पुस्ता थाक्लान् मेरो समाजमा । 'छोरीमान्छे'को शरीर लिएर जन्मे । साँझ परेपछिको घरबाहिरको संसार कस्तो हुन्छ थाहै पाइन । अहिले छोरीकी आमा बनेकी छु, छोरीलाई पनि साँझ नपर्दै घर भित्र्याउन आत्तिन्छु । साढे आठ वर्षकी उ नजीकैको पसल जाँदा साढे आठ मिनेटमा नआइपुग्दा सातो जान्छ । सिंगो एक पुस्ता बित्यो । तर उसले समेत साँझ परेपछिको सहर देख्न पाउने आस छैन ।

उ पछिका अझै कति पुस्ताका छोरीहरूले नपाउने हुन् थाहा छैन । सिंगो एक पुस्ता बित्यो तर मेरो सामाजिक सुरक्षालाई लिएर मेरा बा आमा जति डराउँथे छोरीलाई लिएर ममा त्यसको एक अंश पनि कम भएको छैन । हालै पोखरामा म्याग्दीकी स्थायी बासिन्दा योरूना पुनको हत्या भयो ।

पोखरामा आमा र दिदीसँगै बस्ने र रेष्टुरेण्टमा काम गर्ने उनलाई घरभन्दा चारसय मिटरको दुरीमा टाउकोमा प्रहार गरेर हत्या गरियो, कसैले सुइँकोसम्म नि पाएन । वर्षौदेखि निस्पट्ट अन्धकारमा डुब्न अभिसप्त सहरहरूमध्येको एउटा सहर पोखरामा योरूनाको चिच्याहट पनि त्यही निस्पट्ट अन्धकारमा विलीन भयो । दिउँसोदेखि निभेका बत्ती मध्यरातसम्म नबल्दा संसारै निदाउन बाध्य सहरहरू बाह्र घन्टासम्म सुत्न अभ्यस्त बनिसकेका छन् । यस्तोमा कसरी सुनोस कुनै सहरले रातिमा टाउकोमा चोटैचोट खाएर मारिइने योरूनाहरूको चिच्याहट । उनको हत्यारा छिटो पत्ता लगाइयोस र उचित कानुनी कारवाही होस भनेर आह्वान गरिएका सामाजिक संजालका थुप्रै पोस्टहरूमध्ये एकजनाले लेखेका थिए 'दोष त योरूनाको पनि हो, किन त्यसरी सातआठ बजेसम्म बाहिर हिंडेकी त ?' अभिनेत्री केकी अधिकारीले पनि एउटा पोस्ट लेखिन्, 'साँझ पर्नेबित्तिकै घर पुगिन भने आमा आत्तिनुहुन्छ । बेलुका हिंड्नु ठीक होइन भन्नुहुन्छ । कुनै गल्लीमा एक हुल केटा देखे अर्को बाटो रोज्न थाल्छु म ।' रेष्टुरेण्टमा काम गर्ने योरूना र सिनेमामा काम गर्ने केकी दुवैको कामको समय नौ देखि पाँच बजेभित्र पर्दैन । अरू थुप्रै नेपाली महिलाहरूको जस्तै । परिवारलाई आर्थिक रूपमा सघाउन होस् वा आफ्नो सीपको उपयोग गर्न स्वाभिमानपूर्वक काम गरिरहेका यस्ता महिलाहरूलाई कति निरीह रूपमा जवाफदेही बनाइन्छ रातिराति हिंडेकोमा । राति हिंडेकैमा उनीहरूमाथि हुने हिंसाको दोष कति निर्लज्जतापूर्वक उनीहरूमाथि नै थोपरिन्छ हामीकहाँ । योरूना नारी देह लिएर जन्मेकी थिइन् । मगर समुदायकी चेली थिइन् । अभिनेत्री थिइन् । तर सबैभन्दा मुख्य कुरो उनी नेपाली नागरिक थिइन् । योरूनाको हत्याको विरोध न मगर समुदायको मात्रै जिम्मेवारी हो, न महिलाहरू मात्रैको, न अभिनेत्रीहरू मात्रैको ।

यो त दिनहुँ असुरक्षित बन्दै गएको समाजप्रति चिन्तित हामी सबैको जिम्मेवारी हो । जवाफदेही त राति हिंडेकोमा योरूना हैन उनको सुरक्षित घरफिर्तीको जिम्मेवारी लिन नसक्ने राज्य पो हुनुपर्ने हो । निस्पट्ट अन्धकारमा बाँच्न अभिसप्त हामी अझै कति पुस्तासम्म छोरीहरूलाई नजरबन्दमा राखेर सुरक्षित भएको भ्रममा बाँच्ने ? संसारै घर फर्किरहेका छोरीहरू कहिलेसम्म बलात्कृत भइरहने र मारिईरहने ? अब हामीले घेर्नुपर्ने ठाउँ कुनकुन हुन ? बालुवाटार मात्रै घेरे पुग्ला कि जीविकाको जोहो गरेर साँझ घर फर्किरहेका छोरीहरूलाई अँध्यारोमा मारिनु नपरोस्, कम्तीमा सडकका बत्ती ननिभाइदेउ भनेर विद्युत प्राधिकरण पनि घेर्ने ? हत्यारालाई कडा सजायको माग गर्दै सडकमा निस्केर मात्रै पुग्ला वा 'राती काम गरेर घर फर्किने छोरीहरूलाई घर पुर्‍याइदिने जिम्मेवारी तिम्रो पनि हो,' भनेर यातायात व्यवसायीलाई पनि सडकमै निस्केर भन्नु पर्ला ? 'सबैजना नौ देखि पाँचकै जागिर खाने र बीच सहरमा बस्ने भाग्यमानी हुँदैनन् ।

कुनाकाप्चामा बस्ने छोरीहरूका लागि सधैं बाबु वा दाइ लिन आउन संभव हुँदैन । कहिलेकाँही 'धर्म'दाइले पनि धर्म छाडिदिन्छन्,' भनेर कस-कसलाई याद दिलाउनु पर्ला ? संसाँझै सहरका सार्वजनिक यातायात नथन्किउन् । अलि रातिसम्म र कुनाकाप्चासम्म पनि गुडुन भनेर बिन्ती गर्दै राज्यका कुन निकाय घेर्ने ? यी सबै कुरा सम्बन्धित निकायहरू नघेरिकन व्यवस्था भएको देख्न पाइएला कि नपाइएला ? गाउँ सहर र सडकहरूमा यो निस्पट्ट अन्धकार कहिलेसम्म ? स्त्रीलिंगीहरूका लागि साँझ परेपछिको दुनियाँ वर्जित कहिलेसम्म ? साँझ परेपछिको समाजमा उनीहरूका लागि अघोषित कर्फ्यू कहिलेसम्म ? र रातमा कुनै हिंसाका घटना घटेमा उनीहरूमाथि नै दोष थोपरिने यो प्रचलन कहिलेसम्म ? कसलाई सोध्ने यी प्रश्नहरू ? सधैं हामी 'केटाहरूको हुल' देखेर उल्टोतर्फ भागिरहने कि निर्धक्क हिंड्न पाउने आफ्नो वैयक्तिक स्वतन्त्रताको व्यवस्था कहिले हुन्छ भनेर राज्यसँग जवाफ माग्ने ? योरूना जस्ताहरू दिनैपिच्छे मारिरहने र उनीहरूको दिवंगत आत्मासँग हामी माफी मात्रै मागिरहने कि स्त्रीलिंगीहरूका लागि पूर्ण सुरक्षित समाज पनि माग्ने ?

*इकान्तिपुरडटकम*

अब तपाईंले मात्र एक क्लिकमा पाउनुहुनेछ – विभिन्न राष्ट्रिय, स्थानीय समाचारका साथमा नवविकल्प साप्ताहिकको इ–पेपर पनि ।
Login गर्नुहोस्
www.bikalpanews.com
gjljsNk ;fKtflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबुकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek


# हार्दिक बधाई



पर्वत डिमुवामा सम्पन्न क्षेत्रीय अन्तरजिल्ला खुल्ला भलिबल प्रतियोगितामा म्याग्दी जिल्लाको प्रतिनिधित्व गर्दै प्रशिक्षक तेजेन्द्र बानियाँको नेतृत्वमा गएको म्याग्दीका खेलाडीहरुको समुहले पश्चिमाञ्चलका १६ जिल्लामा म्याग्दी जिल्लाले ५० हजार रुपियाँ नगद, ट्रफी र मेडलसहित तेस्रो स्थानमा विजयी हुन सफल भएकामा सम्पूर्ण खेलाडीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै आगमी दिनहरुमा पनि सफलताको शुभकामना व्यक्त गर्दछौं ।

## नवविकल्प साप्ताहिक परिवार


## ; 'r gf

**नेपालको संविधानमा समानुपातिक समावेशी सम्बन्धी व्यवस्था**

**नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**

# घलेम्दी हाईड्रो लिमिटेड
# GHALEMDI HYDRO LIMITED

अर्थुङ्गे–१ बेनी, म्याग्दी
फोन नं. ०६९–५२१०७८, ५२१०७९ E-mail : ghalemdi@gmail.com

को

## दोश्रो बार्षिक साधारणसभा

(दोश्रो पटक प्रकाशित मितिः २०७२/१०/१८)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७२ माघ १६ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार कम्पनीको दोश्रो बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले यस कम्पनीको सम्पूर्ण शेयरधनी सदस्य ज्यूहरुलाई उपस्थितिका लागि सादर अनुरोध गर्दछौं ।

**साधारणसभा हुने मिति, समय र स्थानः**

मितिः २०७२ फागुन १५ गते शनिबार

स्थानः जिल्ला विकास समितिको सभाहल बेनी, म्याग्दी ।

समयः बिहान ठिक १०:०० बजे

**छलफलका विषयहरूः**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत आब २०७१/२०७२ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) आर्थिक बर्ष २०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन लगायतका वित्तिय विवरणहरु पारित गर्ने ।

ग) आ.ब २०७२/०७३ को लेखा परिक्षणका लागि लेखा परिक्षकको नियुक्ती तथा नीजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

घ) सञ्चालक समिति गठन

ङ) विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी जानकारीः**

१) साधारणसभामा भाग लिने प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी साधारणसभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मिति २०७२/११/१३ गते बिहान १० बजे भित्र कम्पनीका रजिष्टार कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । तर, प्रतिनिधि नियुक्त गर्नुभएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।




खानेपानी तथा सरसफाई सम्बन्धी रेडियो कार्यक्रम म्याग्दीकाली एफएम ८८.२ मा बिहीबार साँझ ७:३० देखि ८ बजेसम्म र रेडियो म्याग्दी १०१.४ मा आइतबार साँझ ६:३० देखि ७ बजेसम्म सुन्न नभुल्नुहोला ।

# ओझेलमा...

दूग्ध उत्पादनका लागि गाईभैसी तथा ग्रामिण र लेकाली क्षेत्रमा भेडाबाख्रा पालन भएको छ । २० भन्दा बढी भेडाबाख्रा पाल्ने र ५ भन्दा बढी गाईभैसी पाल्ने कृषकलाई ब्यवसायीक मान्ने गरिएको छ ।

बजारको राम्रो सम्भावना, छिटो आम्दानी गर्न सकिने, परम्परागत सिपमा आधारीत, घाँस तथा आहाराको आपुर्ती राम्रो, पर्याप्त वनजंगल र चरनक्षेत्र भएकाले म्याग्दीमा ब्यवसायीक पशुपालनको राम्रो सम्भावना रहेको बरिष्ठ पशु चिकित्सक दयाराम चापागाईले बताए । ८४ हजार ४५२ हेक्टर क्षेत्रफल रहेको म्याग्दीको १३ प्रतिशत जमिनमात्रै खेतीका लागि प्रयोग भएकाले बाँझो जमिनमा घाँस खेतीको माध्यमबाट पशु आहरा आपूर्ती गराउने सम्भावना छ । म्याग्दीमा जिविकोपार्जनका लागि परम्परागत रूपमा निर्वाहमुखी तरिकाले गरिदै आएको पशुपालन पछिल्लो समय ब्यवसायीक र ब्यवस्थित बन्दै गएको छ । कृषकहरूमा चेतनाको विकास, अनुकुल हावापानी र बजार विस्तारसंगै ब्यवस्थित र ब्यवसायीक रूपमा पशुपालन गर्न थालेका हुन् । नयाँ फर्म स्थापना हुने र धेरै वर्ष पहिले देखि पशुपालन गर्दै आएका कृषकहरू जिल्ला पशु सेवा कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति लगायतका निकायमा दर्ता हुने क्रम बढेको पशु विकास अधिकृत नरबहादुर बानियाले बताए । सरकारले कृषकलाई उपलब्ध गराउने अनुदान लगायतका सेवा सुबिधा प्राप्त गर्नका लागि पहिलेदेखि पशुपालन गर्दै आएका कृषकहरूले फर्म दर्ता गर्न थालेका छन् ।

आर्थिक वर्ष २०७०र७१ मा ७४ वटा गाईभैसी फार्म दर्ता भएको म्याग्दीमा पछिल्लो डेढ वर्षयता १८ वटा थपिएका छन् । यसैगरी आर्थिक वर्ष २०७०र७१ मा ९७ वटा रहेका बाख्रा फार्मको संख्या गत आर्थिक वर्षमा ६२ वटाले वृद्धी भएको थियो । हालसम्म ५८ वटा भेडा, ६० वटा भेडाबाख्रा संयुक्त, २३ वटा बंगुर र ३५ वटा कुखुरा फार्म सञ्चालनमा रहेका छन् । ब्यवसायीक पशुपालनतर्फ युवायुवती र बिदेशबाट फर्कीएकाहरूको संलग्नता बढ्दो छ । बिदेशबाट फर्कीएर पशुपालन गर्ने कृषकहरूको संख्या जिल्लामा १५९ जना रहेको छ । बिदेशमा गर्ने श्रम र पसिना आफ्नो गाउँठाउँमा उपलब्ध स्रोत साधनमा परिचालन गर्न सकेमा बिदेश सरह आम्दानी गर्न सकिने जिल्ला बाख्रापालक कृषक संघका अध्यक्ष धनबहादुर श्रीसले बताए ।

'बिदेशमा तलब राम्रै पाएपनि दुख धेरै, बचत कम हुन्छ' बहराईनबाट फर्कीएर दुई वर्षअघि भकीम्ली ५ डाँडाँखानीमा श्रीस बहुउद्देश्यिय कृषि फार्म स्थापना गरेका श्रीसले भन्नुभयो 'पशुपालनलाई ब्यवसायीक र ब्यवस्थित बनाउन सके वर्षमा दुईरचार लाख कमाउन बिदेश गैरहनुपर्दैन् ।' म्याग्दी जिल्ला पशुजन्य उत्पादनका हिसावले आत्मनिर्भर उन्मुख बनेको छ । ब्यवसायीक पशुपालन बढ्नु, परम्परागत रूपमा गरिदै आएको पशुपालन ब्यवसायीक बन्नु तथा सडक र सञ्चार सुबिधाको विस्तारले दूध, मासु र अण्डा उत्पादन उकालो लागेको छ ।

जिल्लाको आन्तरीक उत्पादन बृद्धी भएपछि आयात घट्दै गएको जिल्ला पशु सेवा कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक दयाराम चापागाई बताउँछन् । 'दुई वर्ष पहिले नेपालगञ्ज र बिरगञ्ज हुदै भारतीय खसीबोका मासुका लागि आयात हुन्थ्यो' चापागाईले भन्नुभयो 'अहिले दसै तिहारमा मुस्ताङबाट ल्याइने भेडाच्याङ्ग्रा बाहेक तराईका जिल्ला र भारतबाट खसीबोका आयात भएको छैन् ।'

ग्रामिण सडक र मोवाईल लगायत सञ्चार सुबिधाको विस्तारका कारण ब्यापारीहरू खसीबोका किन्न कृषकको घरदैलोमा पुग्ने गरेका छन् । स्वच्छ हावापानी, स्वस्थ्य आहरा र राम्रो स्याहरसुसार गरेर पालीएका खसीबोकाको मासु स्वादीलो र गुणस्तरीय हुने भएकाले बजारमा राम्रो खपत हुन्छ । आर्थिक वर्ष २०७०र७१ को तुलनामा २०७१र७२ मा दूध, मासु, अण्डा, उन र छाला उत्पादन क्रमश ०.०५, ०.५०, ०.२७, ३.२१ र १.२४ प्रतिशतले वृद्धी भएको छ । म्याग्दीमा वार्षिक ५२ लाख ६६ हजार लिटर दूध, १८ लाख, पाँच हजार ६३० केजी मासु र तिस लाख २९ हजार ९८० गोटा अण्डा उत्पादन हुन्छ । एक लाख १३ हजार ६४१ जनसंख्या रहेको म्याग्दी प्रतिब्यक्ति वार्षिक ५७ लिटर दूध आवश्यक पर्नेमा ४७ लिटर र ४८ गोटा अण्डा आवश्यक पर्नेमा २७ गोटा आन्तरीक उत्पादनले पुग्ने गरेको छ । प्रतिब्यक्ति वार्षिक १४ किलोग्राम मासु उपभोग भए पुग्नेमा मासुको खपत प्रतिब्यक्ति एक किलो बढी हुने गरेको छ ।

# गल्ती ...

सहयोग उपलब्ध नगराउँदा म्याग्दीमा सहकारीको भवन निर्माण कार्य अलपत्र पर्नुका साथै महिलाहरूले दशरबिस रूपैयाँ गर्दै जोडेको लाखौ रूपियाँ नगद पनि फसेको सम्बन्धि समाचार नवविकल्प साप्ताहीकले गत पुषको अन्तिम साता प्रकाशीत गरेको थियो । दाताले भवन बनाईदिने आशामा जग्गा खरिद गरेका महिलाद्धारा सञ्चालित सहकारीले सहयोग नपाएपछि लाखौ लगानी फसेको छ ।

प्लान नेपालले २०७१ भदौमा म्याग्दीको बाबियाचौरमा रहेको जनआदर्श र दरवाङ स्थित न्यु दरवाङ महिला विकास सहकारीको भवन निर्माणका लागि दशरदश लाख रूपियाँ आर्थीक सहयोग गर्ने सम्झौता गरेको थियो । सम्झौतापछि भवन निर्माणमा जुटेका महिलाहरू अहिले एकातर्फ दाताले एक रूपियाँ पनि सहयोग नदिएको र आफूसंग भएको नगद पनि डुबेपछि 'घर न घाटको' भनेझैं बनेको जनआदर्श महिला विकास सहकारी संस्थाका प्रबन्धक रूपादेवी बिकको भनाई छ ।

दातृ संस्थाका प्रतिनिधिले सहकारीका सञ्चालक र सम्बन्धित गाविस कार्यालयसंग सन २०१५ सम्ममा आर्थिक सहयता उपलब्ध गराउने सम्झौता गरेका थिए । सम्झौता गर्नुपुर्व दातृ संस्थाका कर्मचारीहरूले सहयोगको आश देखाएर दवाव दिई जग्गा खरिद गर्न लगाएको सहकारीका सञ्चालकहरूले बताएका छन् ।

१२ लाख रूपियाँ लगानी गरेर बाबियाचौरमा घडेरी किनेको जनआदर्श सहकारीले आर्थिक वर्ष २०७१र७२ मा भवन बनाउनका लागि जिविसबाट एक लाख ८२ हजार रूपियाँ अनुदान पनि पाएको थियो । जिविसको अनुदान फ्रिज हुनबाट बचाउन स्थानीय आमा समूहको थप करिब पाँच लाख रूपियाँ लगानी गरेर भवनको डिपीसी र पिल्लर डठाउने काम गरेका थिए ।

यता दरवाङको महिला सहकारीले पनि दाताले समयमै सहयोग उपलब्ध नगराउँदा गाविस कार्यालयले गत आर्थिक वर्षमा उपलब्ध गराएको ४७ हजार रूपियाँ अनुदान फ्रिज हुनुका साथै देउसीभैलो र वृतचित्र प्रर्दशनी गरेर संकलन गरेको एक लाख ५७ हजार पाँच सय रूपियाँ परिचालन गर्न नसकेको अध्यक्ष याममती रोकाले बताइन । संस्थाकै पदाधीकारी गौमती चपाईले सात लाख २० हजार रूपियाँ मूल्य पर्ने जग्गा ६० प्रतिशत अनुदानमा उपलब्ध गराएकी थिइन ।

घडेरी संस्थाको सम्पत्ती भएपनि अनुत्पादक क्षेत्रमा लगानी हुँदा महिलाहरूलाई बिना धितो सुलभ ब्याजदरमा कर्जा उपलब्ध गराई आर्थिक उत्थानमा सहयोग गर्ने लक्ष्य राखेका सहकारीहरू उद्देश्यबाट बिमुख बनेका छन् । दातृ संस्था प्लान नेपालका प्रतिनिधिले बैशाख १२ गते गएको भुकम्प पछि प्रभावीत क्षेत्रमा बजेट केन्द्रित गर्दा म्याग्दी, बागलुङ र पर्वत जिल्लाका करिब १२ वटा महिला सहकारी संस्थाको भवन निर्माणका लागि प्रतिवद्धता जनाइएको बजेट कटौती गर्नुपरेको प्रतिक्रिया दिएका छन् ।

प्लान नेपालका निमित्त क्षेत्रीय प्रमुख नितु आचार्यले बैशाखमा गएको भुकम्पलाई बाहना बनाएको दाताले भदौ देखि भुकम्प नजाँदासम्म एक रूपियाँ पनि सहयोग नगर्नुले उसको नियत माथि शंका गर्ने प्रसस्त ठाउँ छ । सहयोगको नाममा नेपालको राजनीति देखि नीति निर्माण तहसम्म हस्तक्षेप गर्दै आएका दातृ निकायले समाजमा बढाएको परनिर्भरताको यो एउटा उदाहरण मात्र हो ।

त्यसैले विकासका लागि दाताको आश गरेर सधै मगन्ते बन्ने प्रवृतीको अन्त्य र स्थानीय स्तरमा उपलब्ध सिप, प्रबिधि र पुँजीको परिचालनमा जोड दिनु आवश्यक देखिन्छ । अर्कोतर्फ सरकारी निकायबाट हुने विकास योजनामा झञ्जटिलो नीतिगत ब्यवस्था, निर्माण ब्यवसायीको लापरबाही, कर्मचारीको बेवास्ता जस्ता समस्याले ढिलासुस्ती हुनु नेपालमा कुनै नौलो विषय होईन् ।

तर म्याग्दीमा निकै तामझाम र सक्रियता देखाउने गैरसरकारी संस्था र दातृ निकायको सहयोगमा सञ्चालित योजनाहरूको हालत पनि सरकारी निकायको भन्दा फरक छैन भन्ने प्लानको काम गतिलो उदाहरण बनेको छ ।

यता जिल्ला स्थित सरोकारवाला निकायहरू पनि यो विषयमा वेखवर बनेका छन् । उनीहरूले समाचारका विषयमा अहिले सम्म कुनै प्रतिकृया दिएका छैनन् । महिलाको पक्षमा आवाज उठाउने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि कुनै चासो नदेखाएको पीडित महिलाहरू बताउँछन् ।

# म्याग्देली खेलाडीको सागमा उत्कृष्ट प्रदर्शन

■ नवविकल्प

म्याग्दीका खेलाडीहरूले जारी बाह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका छन् । अहिले सम्म पाँचजना म्याग्देलीले सहभागिता मात्रै जनाएनन्, आफ्नो उपस्थीतिलाई एतिहाँसिक बनाउन सफल भएका छन् ।

नेपालले धमाधम पदक जितेको खेलाडीको नाम सहित समाचारहरू सार्वजनिक भइरहेका धेरैले पत्तो नै पाएनन् तारादेवी पुन, प्रेम प्रसाद पुन 'जुलुक', कमला पुन, अरूणा शाही र विन्दु पुन मगर म्याग्देली हुन भन्ने धेरैले पत्ता नै पाएनन् ।

जिल्लास्तर, अञ्चल, क्षत्रीय, राष्ट्रियसंगै अन्र्तराष्ट्रियस्तरका खेलमा समेत उत्कृष्ट प्रर्दशन गरेका चारजनाले नेपालको पदक संख्या मात्रै थपेनन् जिल्लाको प्रतिष्ठालाई समेत उच्च राख्न सफल भएका छन् ।

हिस्तान गाविसमा जन्मिएकी तारादेवी पुनले भारात्तोलन ७५ किलोमाथिको तौल समुहमा कास्य पदक,पाखापानी-३ का प्रेमप्रसाद पुन 'जुलुक'ले सागको आर्चरीतर्फ काश्य, ओखरबोटकी कमला पुन, बावियाचौरकी विन्दु पुन मगरले उसुमा रजत पदक र पिप्लेकी अरूणा शाहीले महिला भलिबलमा तेस्रो स्थान प्राप्त गर्दै कास्यपदक जितेका थिए । ' कास्य लिएर स्वदेश फर्कियो, यो जीवनकै खुसीको क्षण हो' तारादेवी पुनले भनिन् । उनले काँस्य हुँदै आगामी दिनमा देशका लागि थप पदक दिलाउन सक्रियतापुर्वक खेल्नेछु । यसपटक देशका लागि केही गरेर फर्किएकाछौं' पुनले भनिन् ।

उनले नेपालकी स्ट्रङगेष्ट वुमेनको उपाधी पाएकी छन् । 'स्वर्णको लक्ष्य थियो, अन्तिममा अवसर गुम्यो । प्रयाप्त अभ्यास भएमा नेपालीले पनि अन्र्तराष्ट्रिय खेल खेल्न सक्छन भन्ने देखाउन सफल भयौं' विन्दु पुन मगरले भनिन् । उनले जिल्ला हुदै राष्ट्रिय टिमबाट अन्र्तराष्ट्रिय खेलमा सहभागिता जनाउन पाउँदा निकै उत्साहित भएको समेत बताईन् ।

जिल्लामा खेलकुद क्षेत्रलाई ब्यवसायिक बनाउन तथा राज्यको लगानी समेत पुग्न नसक्दा धेरै मेहनत गर्नुपरेको बताउँदै विन्दुले जिल्लास्तरमै प्रयाप्त अभ्यासको ब्यवस्था भए थप सजिलो हुने बताईन् । पहिलोपटक सागमा म्याग्देलीले पदक प्राप्त गरेपछि जिल्लामा समेत खुसीयाली छाएको छ । जिल्लामा जन्मिएर राष्ट्रिय तथा अन्र्तराष्ट्रिय खेलमा सहभागिता संगै उपाधी जितेको खवरले उत्साहित भएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कृष्णकुमार विश्वकर्माले बताए ।

'यो जिल्लाको खेलकुदका लागि सबैभन्दा सुखद् खवर हो । उहाँहरुलाई जिल्लाको खेलकुदको विकासमा समेत सहयोग माग्नेछौं' विश्वकर्माले भने । जिल्ला विकास समिति अन्र्तरगत बेनीमा सम्पन्न भएको विषयगत समितिको छलफलमा समेत विश्वकर्माले खेलकुदमा लगानी भएपनि जिल्लाबाटै खेलक्षेत्रमा प्रवेश गरेकाहरूले आफ्नो ब्यक्तिगत अभ्यासबाटै पदक ल्याउन सफल भएको भन्दै लगानी गर्न समेत माग गरेका थिए ।

उनले निकट भविष्यमै चारजना तथा सार्कमा सहभागिता भएकालाई भब्य स्वागतका विच सम्मान गरिने समेत बताए । खेलकुदको क्षेत्रमा म्यादी उसु, भलिबल, आर्चरी, पौडी लगाएतका खेलको सहभागिता अन्र्तराष्टियस्तरसम्म रहेको छ । आर्चरी, उसु र भलिबल ग्रामिण क्षेत्रमा निरन्तर खेल्ने गरिएकाले पनि खेलाडीले राष्टिय टिममा सहभागित जनाउने अवसर पाएका छन् ।




शान्ति सन्देश

स्थायी शान्तिका लागि आ-आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।

शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

डिजाइन सम्बन्धी कामका लागि
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

xfdf ;]jfx?M

- ✓ २४ सै घण्टा आकस्मिक सेवा । ✓ क्याभिनको व्यवस्था ।
- ✓ इजाजत प्राप्त दक्ष स्वास्थ्यकर्मीद्वारा अत्यन्तै गोपनियताका साथ सुरक्षीत गर्भपतन सेवा ।
- ✓ दैनिक ओ.पि.डि सेवा (विहान ८ बजे देखि साँझ ७ वजे सम्म)
- ✓ २४ सै घण्टा भिडियो एक्सरे,ल्याव,एक्सरे,ई.सि.जि.,माईनर अपरेशन तथा विरामी भर्ना सेवा ।
- ✓ दैनिक निशुल्क गर्भवती परीक्षण गरिने व्यवस्था ।
- ✓ सिकिस्त विरामीहरुको लागि बेनी बजार क्षेत्र भित्र घर मै गई स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गरिने ।
- ✓ ७० वर्ष उमेर पुगेका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ अपाङ तथा निम्न आर्थिक स्तरका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ विद्यार्थीहरुका लागि सहुलियतकार्डको व्यवस्था गराई विशेष छुटको व्यवस्था ।

बेनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
न्यूरोड, बेनीबजार, म्याग्दी
(सम्पर्क: ०६९-५२०९८३, ९८५७६४००८६)

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६    प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनलर सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कव्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाईँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ स'विधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)    प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. सुरेन्द्रराज शर्मा    मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री (९८६७६१३५४७)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286

# gjljsNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

/bikalpanews /NawabikalpaWeek




खेलकुदमा म्याग्दीको शान


Û - अन्तिम पृष्ठमा


वर्ष ८ अङ्क २१ पूर्णाङ्क ३५९ | आइतवार, फागुन २, २०७२ | Feb. 14, 2016, Sunday | पृष्ठसङ्ख्या ८ | मूल्य रु. १०/-



## छपाई सम्बन्धी सम्पूर्ण कामका लागि ...

छपाईको दुनियामा छुट्टै नाम राख्न सफल यस मुक्तिनाथ अफसेट प्रेसले अत्याधुनिक फ्लेक्स मेशिनद्वारा सेवा दिइरहेको कुरा सहर्ष जानकारी गराउँदछौं ।



मुक्तिनाथ अफसेट प्रेस एण्ड फ्लेक्स प्रिन्ट
२०६७
बेनी, म्याग्दी

# मुक्तिनाथ अफसेट एण्ड फ्लेक्स प्रिन्ट

न्यूरोड बेनीबजार, म्याग्दी

फोन ०६९-५२०६७३, ९८४७६२४५३६,९८४१६६९८५७

# सेवामा हामी तत्पर छौं ।



अत्याधुनिक अफसेट मेशिन



स्क्रीन प्रिन्ट




पेपर कटिङ्ग मेशिन



अत्याधुनिक फ्लेक्स मेशिन



विभिन्न थरिका ब्याज



डिजिटल छाप नाइलन छाप



मेडल प्रिन्ट



विभिन्न डिजाइनका मायाको चिनो, अवार्ड निर्माण



स्कूल तथा बोर्डिङका टाई बेल्ट



टि-सर्ट प्रिन्ट तथा जर्सी प्रिन्ट

अफसेट छपाई, बोर्ड, ब्यानर छपाई, प्लाष्टिक झोला, फेवरिक झोला, टि-सर्ट, जर्सी छपाई, टाई बेल्ट, मेडल प्रिन्ट, मायाकोचिनो ब्याचका साथै स्टेशनरी एवं फ्रेमिङ्ग सम्बन्धी सम्पूर्ण काम गर्नु परेमा सदैव हामीलाई सम्झनुहोस् ।

**मुक्तिनाथ अफसेट एण्ड फ्लेक्स प्रिन्ट** न्यूरोड बेनीबजार, म्याग्दी

प्रो. सन्तोष ढुंगाना, केशव पौडेल, फोन ०६९-५२०६७३, ९८४७६२४५३६, ९८४१६६९८५७